सूचनाको हक सम्बन्ध ऐन २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम सार्बजनिक गरीएको

आ.व.२०८३/८४ को प्रथम त्रैमासिक

# स्वत प्रकाशन

**नेपाल सरकार**

**कृषि वन तथा पर्यावरण मन्त्रालय**

**राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम,**

## कार्यक्रम कार्यान्वयन एकाई, सिन्धुली

सरकारी निकायले स्वत प्रकाशन **(Pro -active disclosure)** गर्नु पर्ने विवरण सम्वन्धि निर्देशिका २०७१ बमोजिम

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (साविकको प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना)को संक्षिप्त जानकारी

## १. परियोजनाको संक्षिप्त परिचय

### १.१ पृष्ठभूमि

नेपालको अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्रको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकीकरणमार्फत समग्र कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नका लागि कृषि क्षेत्रको दीर्घकालीन "कृषि विकास रणनीति" को कार्यान्वयनको सहयोगी परियोजनाको रूपमा आन्तरिक संस्थागत जनशक्तिबाट दस्तावेज तयार भई नेपाल सरकारको आन्तरिक स्रोतबाट सञ्चालन हुने गरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७३/९/२६ को निर्णय बमोजिम देशभर सञ्चालन हुने गरी आर्थिक वर्ष २०७३/७४ देखि यस परियोजना कार्यान्वयनमा रहेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय कार्यान्वयन निकाय रहने गरी १० वर्षसम्म सञ्चालन हुने यस परियोजनाको कूल लागत १ खर्ब ३० अरब ७४ करोड २० लाख रहेको छ।

### १.२ परियोजनाको सोच, लक्ष्य एवम् उद्देश्य

**सोचः**

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवम् आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने।

**लक्ष्यः**

समग्र कृषि मूल्य शृङ्खलाका अवयवहरूको एकीकृत संयोजन र परिचालनमार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण उन्मुख दिगो आर्थिक अवसरहरू सिर्जना गरी राष्ट्रको समग्र विकासमा टेवा पुऱ्याउने।

**उद्देश्यहरूः**

- प्रमुख कृषि उपजहरूको विशिष्टकृत क्षेत्रहरू निर्माण गर्ने,
- निर्यातयोग्य कृषिवस्तुहरूको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,
- कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायका रूपमा विकास गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्ने, र
- बहुसरोकारवाला निकायहरू बीचको कार्यमूलक समन्वयमार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।

### १.३ परियोजनाका रणनीतिहरू

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कृषि क्षेत्रको आधुनिकीकरणका लागि निम्न अनुसारका रणनीतिहरू अवलम्बन गर्नेछ।

१. भूमिको वैज्ञानिक उपयोग,
२. आधुनिक कृषि प्रविधिहरूको अवलम्बन,
३. कृषिमा यान्त्रिकीकरण,
४. कृषि उपजहरूको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरूको विकास,
५. कृषि अनुसन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवम् आधुनिकीकरण,

६. प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बन,
७. गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि,
८. वातावरण परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्बन ।

## १.४ परियोजनाका सम्भागहरू

१. साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम,
२. व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम,
३. व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम,
४. वृहत व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम ।

यी सम्भागहरूमा कृषि सामग्री आपूर्ति व्यवस्थापन, यान्त्रिकीकरण सहयोग, भौतिक पूर्वाधार विकास सहयोग, अनुसन्धान-शिक्षा-प्रसार सुदृढिकरण सहयोग, कृषि आधुनिकीकरणका लागि विज्ञहरू सेवा करार, कृषिजन्य उद्योगहरू स्थापना, प्रतिफलमा आधारित प्रोत्साहन अनुदानलगायतका कार्यक्रम सञ्चालन भइरहेका छन् । आ.व. ०७६/७७ मा १५९६ पकेट र २७० ब्लक सञ्चालनका लागि प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि ज्ञान केन्द्रहरूमा बजेट तथा कार्यक्रम हस्तान्तरण भएको थियो भने परियोजना कार्यान्वयन एकाइहरूमार्फत विभिन्न बाली वस्तुहरूमा १०६ वटा जोनहरू तथा १६ सुपरजोनहरूमा स्वीकृत कार्यक्रम बमोजिमका विभिन्न क्रियाकलाप सञ्चालन भएका थिए । साथै परियोजना कार्यान्वयनमा संलग्न केन्द्रीय निकायहरू: उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, नेपाल कृषि अनुसन्धान परिषद्, कृषि विभाग, पशु सेवा विभाग र अन्तरगतका पशु प्रजनन केन्द्र, जिरीमा विभिन्न कार्यक्रमहरू सञ्चालन भएका थिए ।

## १.५ परियोजना सञ्चालनको अवधारणा

१. कृषियोग्य जमिनको चक्लाबन्दी,
२. विशिष्टिकृत व्यावसायिकरण,
३. उन्नत प्रविधि र गुणस्तरीय पूर्वाधार विकास,
४. अन्तर्राष्ट्रिय रूपमा बजारमा प्रतिस्पर्धी कृषि औद्योगिकीकरण,
५. उपलब्धिमा आधारित सहजीकरण (Smart Output Based Facilitation)

## १.६ परियोजना सञ्चालन गर्ने निकाय

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## परियोजना कार्यान्वयनमा प्रत्यक्ष संलग्न अन्य निकायहरू

- उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
- वन तथा वातावरण मन्त्रालय
- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

## सहयोगी निकायहरू

- अर्थ मन्त्रालय
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
- सहरी विकास मन्त्रालय
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## १.७ **अवधारणा ढाँचा** (Conceptual Framework)



## १.८ परियोजनाको संस्थागत संरचना




## १.पृष्ठभुमिः

## राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुलीः

वि.सं. २०७३ सालमा यस जिल्लामा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (साविकको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना) मार्फत जुनार कृषकहरु माझ कृषि प्रसार गर्नका लागि जुनार जोनको स्थापना गरियो । सोही कार्यालयको क्षेत्राधिकार बृहत् बनाइ यसलाई आ.व. २०७४/७५ बाट जुनार सुपरजोनको रुपमा स्तरोन्नति र आ.ब. २०७८/०७९ मा अदुवा वेसार जोनको कार्यक्रम संचालन गरियो । हाल, सिन्धुली जिल्लाका ४ वटा स्थानीय तहहरुका विभिन्न ९ वटा वडाहरुमा र अदुवा वेसार जोन मा ३ वटा स्थानीय तहका ११ वटा वडा हरुमा यस कार्यालयले आफ्ना गतिविधिहरु अघि बढाइरहेको छ ।
यसका साथै यस जिल्लामा विभिन्न गैर सरकारी संस्थाहरु, कृषक समूह, सहकारी, उद्यमीहरू कृषि क्षेत्रमा सकृय रहेका छन् ।

# २. राष्ट्रिय कृषि आधुनिकीकारण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुली

आ.व २०८३/८४ मा संचालन हुने कार्यक्रमको बार्षिक कार्ययोजना

| क .स | सेवाको किसिम | आवश्यक पर्ने कागजात/प्रमाणहरु | कार्य सम्पन्न हुन लाग्ने अवधी | सम्वन्धित शाखा | सेवा दिने कर्मचारी | निर्णय गर्ने/गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | समुह/सहकारी/कृषि उद्यमी हरुको सुचिकृत | निवेदन ,नागरिकताको प्रतिलिपि, जग्गा धनि पुर्जा / जग्गा भाडा सम्झौताको प्रतिलिपि, समुह / सहकारीको हकमा बैठकको निर्णय प्रतिलिपि, सदस्यहरूको विवरण फारम, संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि तथा सुचनामा उल्लेख भए बमोजिमका कागजात | तुरुन्तै | | कृषि अधिकृत/ ना.प्रा.स /ओभरसियर | बरिष्ठ कृषि अधिकृत | निःशुल्क |
| २ | जिल्ला स्तर उन्नत प्रबिधि/प्राथमिक प्रशोधन/पोस्टहार्भेष्ट व्यबस्थापन/कृषि यान्त्रीकरण कृषक तालिम | सुचिकृत भइ सम्वन्धित समुह/ सहकारी,उपभोक्ता समिति उद्यमीहरुबाट प्रतिबद्धता सहितको अनुरोध पत्र वा प्रस्तावना/निवेदन | बार्षिक स्विकृत कार्यक्रमको त्रैमासिक लक्ष्य अनुसार | प्रविधि विस्तार शाखा | कृषि अधिकृत/ना.प्रा.स | बरिष्ठ कृषि अधिकृत | निःशुल्क |
| ३ | वाली वस्तु विशेष स्थलगत तालिम | सुचिकृत भइ सम्वन्धित समुह/ सहकारी, उपभोक्ता समिति उद्यमीहरुबाट प्रतिबद्धता सहितको अनुरोध पत्र वा प्रस्तावना/निवेदन | बार्षिक स्विकृत कार्यक्रमको त्रैमासिक लक्ष्य अनुसार | प्रविधि विस्तार शाखा | कृषि अधिकृत/ना.प्रा.स | बरिष्ठ कृषि अधिकृत | |
| ४ | प्राविधिक सेवा | निवेदन मौखिक वा टेलिफोन | सम्भव भए सम्म छोटो समयमा | | कृषि अधिकृत/ ना.प्रा.स /ओभरसियर | बरिष्ठ कृषि अधिकृत | निःशुल्क |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | सुपरजोन तथा जोन अन्तर्गत सिंचाई जिर्माण तथा मर्मत सम्भार | कार्यालय बाट कार्यक्रम मागका लागी प्रस्ताव आह्वान सम्बन्धि सुचनामा उल्लेख भए अनुसारका कागजात तथा लाभान्वित घरधुरिको विवरण सहितको प्रस्ताव | वार्षिक स्विकृत कार्यक्रमको त्रैमासिक लक्ष्य अनुसार | प्रविधि विस्तार शाखा | कृषि अधिकृत/ओभरसियर/ना.प्रा.स. | बरिष्ठ कृषि अधिकृत | अधिकतम ८५%सम्म अनुदान |
| ६ | रोग कीरा नियनत्रण तथा क्षेत्रगत कीरा नियनत्रण | कार्यालय बाट कार्यक्रम मागका लागी प्रस्ताव आह्वान सम्बन्धि सुचनामा उल्लेख भए अनुसारका कागजात तथा लाभान्वित घरधुरिको विवरण सहितको प्रस्ताव | वार्षिक स्विकृत कार्यक्रमको त्रैमासिक लक्ष्य अनुसार | प्रविधि विस्तार शाखा | कृषि अधिकृत/ना.प्रा.स. /ओभरसियर | बरिष्ठ कृषि अधिकृत | ५०%अनुदान |
| ७ | उन्नत प्रविधि सहित क्षेत्र विस्तार | | | | | | ५०%अनुदान |
| ८ | नर्सरीका लागि संरक्षित जालि घर निर्माण | | | | | | अधिकतम ८५%सम्म अनुदान |
| ९ | कोल्डरुम निर्माण | | | | | | अधिकतम ८५%सम्म अनुदान |
| १० | अदुवा वेसारको प्राथामिक प्रसोधन केन्द्र स्थापना | | | | | | अधिकतम ८५%सम्म अनुदान |
| ११ | कृषि तथा पशुपंक्षी उद्यमशिलता बिकास कार्यक्रम | कार्यालयबाट कार्यक्रम मागका लागी प्रस्ताव आह्वान सम्बन्धि सुचनामा उल्लेख भए अनुसारका कागजात | वार्षिक स्विकृत कार्यक्रमको त्रैमासिक लक्ष्य अनुसार | प्रविधि विस्तार शाखा | कृषि अधिकृत/ना.प्रा.स. /ओभरसियर | बरिष्ठ कृषि अधिकृत | ५०%अनुदान |
| १२ | माटो सुधारका लागि कृषि चुन/जिप्सम/सुक्ष्म तत्व आदि सहयोग कार्यक्रम | कार्यालयबाट कार्यक्रम मागका लागी प्रस्ताव आह्वान सम्बन्धि सुचनामा उल्लेख भए अनुसारका कागजात तथा लाभान्वित घरधुरीको विवरण सहितको प्रस्ताव | वार्षिक स्विकृत कार्यक्रमको त्रैमासिक लक्ष्य अनुसार | प्रविधि विस्तार शाखा | कृषि अधिकृत/ना.प्रा.स. /ओभरसियर | बरिष्ठ कृषि अधिकृत | ५०%अनुदान |
| १३ | आकस्मिक बालि संरक्षण सेवा | कार्यालयमा सुचिकृत कृषक समूह/सहकारी,उपभोक्ता समितिको निवेदन | सम्भव भएसम्म छोटो समयमा | प्रविधि विस्तार शाखा | कृषि अधिकृत/ ना .प्रा. स | बरिष्ठ कृषि अधिकृत | निःशुल्क |

तालिका १ः कार्यक्रम कार्यान्वयन एकाइको कर्मचारी विवरण

| क.सं. | स्वीकृत पद/श्रेणी | स्वीकृत दरबन्दी संख्या | प्रकार (स्थायी, स्थायी/करार, करार, परामर्श सेवा) | पदपूर्ती | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वरिष्ठ कृषि अधिकृत, रा प द्वि प्रा | १ | स्थायी | ० | १ | |
| २ | कृषि अधिकृत, रा.प. तृ. प्रा. | १ | स्थायी | १ | | |
| ३ | कृषि अधिकृत, रा.प. तृ. प्रा. | १ | करार | ० | १ | |
| ४ | विषय विज्ञःकृषि प्राविधिक | | सेवा परामर्श | ० | १ | |
| ५ | नायव प्राविधिक सहायक (ना.प्रा.स.) | १ | स्थायी | ० | १ | |
| ६ | नायव प्राविधिक सहायक (ना.प्रा.स.) | ३ | करार | ३ | | |
| ७ | लेखापाल रा.प.अनं. प्रथम | १ | स्थायी | १ | | |
| ८ | नायव सुव्वा रा.प.अनं. प्रथम | १ | स्थायी | १ | | |
| ९ | खरिदार रा.प.अनं. द्वितीय | | स्थायी | | | |
| १० | कृषि इन्जिनियर | | परामर्श सेवा | | | |
| ११ | ओभरसियर/सब इन्जिनियर | | परामर्श सेवा | १ | | |
| १२ | हलुका सवारी चालक | १ | करार | १ | | |
| १३ | कार्यालय सहयोगी | २ | करार | २ | | |
| १४ | कार्यालय सहयोगी | | परामर्श सेवा | | | |
| १५ | सरसफाई सेवा करार | | परामर्श सेवा | १ | | |
| जम्मा | | १२ | | ११ | ४ | |

तालिका २ः हाल कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | कर्मचारीको नाम | पद | स्थायी ठेगाना | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १. | विनय वावु कोईराला | कृषि अधिकृत | भिरकोट न.पा.-६ स्याङ्जा | M.Sc.Ag. | स्थायी दरबन्दी |
| २. | डिल्ली प्रसाद घिमिरे | लेखापाल | दुधौली न.पा. १, सिन्धली | BA | स्थायी दरबन्दी |
| ३. | वसन्ता घिमिरे | नायव सुब्बा | धुर्कोट गा.पा. ७, गुल्मी | MA | |
| ४. | लक्ष्मी पोखेल | नायब प्राविधिक सहायक | गोलन्जोर गा, पा.-७, सिन्धुली | I.sc.Ag / BEd | करार सेवा |
| ५. | दिलिप कार्की | ओभरसियर | कमलामाई न.पा.-६, सिन्धुली | diploma in Civil Engi. | सेवा करार |
| ६. | यलिना आचार्य | नायव प्राविधिक सहायक | सुनकोशी-७ | I.sc.Ag | करार सेवा |
| ७. | सविता दहाल | नायव प्राविधिक सहायक | रामेछाप-३, रामेछाप | I.sc.Ag | करार सेवा |
| ८. | तुलसीराम पराजुली | हलुका सवारी चालक | गोलबजार न.पा.-१, सिराहा | SLC | करार सेवा |
| ९. | चन्द्र प्रसाद चौलागाई | कार्यालय सहयोगी | कमलामाई न.पा.-३, सिन्धुली | SLC | करार सेवा |
| १०. | जयनाथ सिंह | कार्यालय सहयोगी | मनराशिसुवा नपा-१, महोत्तरी | SLC | करार सेवा |
| ११. | गंगालाल गौतम | सरसफाई सहयोगी | कमलामाई न.पा.-३, सिन्धुली | SLC | सेवा करार |

## ३.निकायको काम, कर्तव्य र अधिकार

क) कार्यक्रमको कार्य क्षेत्र भित्रका बालीहरु जुनार र अदुवा बालीको रोग कीरा पहिचान तथा परीक्षण सञ्चालन गर्ने ।

ख) माटो तथा बाली संरक्षण सेवा सम्वन्धी कार्यक्रम संचालन गर्ने।

ग) नेपाल कृषि अनुसन्धान परिषदको बाह्य अनुसन्धान स्थल **(Outreach Site )**को रुपमा कार्य गर्ने ।

घ) सिन्धुली जिल्ला भित्रका प्रदेश/स्थानीय तहमा संचालित राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम अन्तर्गतको शशर्त अनुदानका कार्यक्रमहरुको अनुगमन तथा समन्वय गर्ने।

ङ) कृषि स्नातक तथा जेटी जेटीए कोर्ष अध्ययनरत विधार्थीहरुका लागि इन्टर्नसिप कार्यक्रम सन्चालन गर्ने ।

च) जुनार र अदुवा बाली सम्बन्धि तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने

छ) कार्यक्षेत्रका सुचिकृत कृषकहरुलाई बालीहरुको उत्पादन तथा क्षेत्र विस्तारका लागि अनुदान प्रवाह गर्ने।

ज) आफ्नो कमाण्ड क्षेत्रभित्र कृषि उद्यम तथा व्यबसाय सञ्चालन गर्न चाहनाहरुको लागी व्यवसाय विकास सेवा उपलब्ध गराउने ।

## ४. कार्यान्वयन पद्धति

यस कार्यालयको बार्षिक स्वीकृत कार्यक्रम कार्यक्रम कार्यान्वयन म्यानुअल २०७७ मा उल्लेखित कार्यविधि अनुसार अनुदानका कार्यक्रमहरु संचालन गरिने छ।

***कार्यक्रम बाट उपलब्ध हुने सुविधाहरुः***

| क.सं. | विवरण | सुविधा |
|---|---|---|
| १ | कृषि उत्पादन सामाग्रीहरुमा | बढीमा ५० प्रतिशत |
| २ | प्रविधिक सहयोग | बढीमा १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवा | बढीमा ८५ प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरु | बढीमा ५० प्रतिशत |
| ५ | साना सिंचाई | बढीमा ८५ प्रतिशत |
| ६ | उत्पादनोपरान्त तथा कृषि व्यवसाय पुर्वाधारहरु | बढीमा ८५ प्रतिशत |
| | | |

५. आ.ब.२०८३/०८४ मा विभिन्न कार्यक्रमका प्रस्ताव आह्वानका लागि निकालिएका सूचना

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुली
फोन नं.-०४७-५९०४८७
इमेलः pmamp.piu.sindhuli1@gmail.com
वेबसाइटः piusindhuli.pmamp.gov.np

## सुचना नं: ३

## कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक सुचना प्रकाशित मितीः २०८३/०५/०९

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुलीको चालु आ.व. ०८३।८४ स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात् ( मिति २०८३/०६/०७) गते भित्र यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिल

| कार्यक्रमको नाम | लक्षित लाभग्राही | सञ्चालन हुने क्षेत्र | लक्ष्य | स्विकृत बजेट रु लाखमा | कार्यक्रम सञ्चालन गर्न सकिने बाली/बस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेर समूहभित्रका युवा कृषक | सिन्धुली जिल्लाभरि | २२ पटक | ८८ लाख | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम र दफा ७ बमोजिम प्राथमकिकरण भएका बाली/ बस्तु | प्रस्तावको कूल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने। |

निवेदन साथ संलग्न कागजातहरु

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।

(३) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु ।

(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि ।

(६) समुह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समुह/सहकारी संस्थाको सिफारिश पत्र।

(७) स्थानीय तहको कृषि/पशु शाखाको सिफारीस-पत्र ।

** वैदेशीक रोजगारीबाट फर्केका, कृषि विषय अध्ययन गरेका, महिला तथा युवालाई प्राथमिकता दिइनेछ।

** प्राथमिकीकरण सुची यसै सुचनाको दोस्रो पानामा रहेको छ।

२०८३/०५/०३

विनय वावु कोइराला
निमित्त वरिष्ठ कृषि अधिकृत

"स्वदेशी उत्पादनमा लगानी, आत्मनिर्भर कृषिको थालनी "
"Invest in Domestic Production, Path to Self-Sufficiency"

८.

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
**कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुली**

फोन नं.-०४७-५९०४८७
इमेल: pmamp.piu.sindhuli1@gmail.com
वेबसाइट: piusindhuli.pmamp.gov.np

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यक्रम कार्यान्वयन एकाइ सिन्धुली

**सुचना नं. २**
**सुचिकृत तथा कार्यक्रम प्रस्ताव आव्हान सम्बन्धि सूचना**
**पहिलो पटक सूचना प्रकाशित मिती: २०८३/०४/१३**

आ.व. २०८३।०८४ मा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुलीको वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले यस कार्यालयमा सूचिकृत कृषि समूह/सहकारी/संस्था/कृषि फर्म/कम्पनी तथा जल/वन उपभोक्ता/ कृषि उपज बजार समितिहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात् मिति २०८३।०५।११ गते भित्र यस कार्यालयमा तोकिएको ढाँचा (परियोजना कार्यान्वयन म्यानुअल २०७७, पहिलो संसोधन २०८१) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीका लागि कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुलीको वेबसाइट www.piusindhuli.pmamp.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

| क्र.सं | कार्यक्रमको नाम | एकाइ | लक्ष्य | स्विकृत बजेट (लाखमा) | कार्यक्रम अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| जुनार सुपरजोन | | गोलन्जोर गाउँपालिका वडा नं. १,२,३,४,५ र ६; कमलामाई नगरपालिका वडा नं. ३; तीनपाटन गाउँपालिका वडा नं. ७ र सुनकोशी गाउँपालिका वडा नं. ७ | | | | |
| १ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | १० | २० | ५० देखी ८५ प्रतिशत अनुदान | |
| २ | नर्सरीको लागि संरक्षित जाली घर निर्माण | संख्या | १ | ३ | ५० देखी ८५ प्रतिशत अनुदान | |
| ३ | कोल्ड रुम निर्माण | वटा | २ | १० | ५० देखी ८५ प्रतिशत अनुदान | |
| अदुवा बेसार जोन | | कमलामाई नगरपालिका वडा नं. १ र २; मरिण गाउँपालिका वडा नं. २,६ र ७ र हरिहरपुरगढी गाउँपालिका वडा नं. २,३,४,५,६ र ७ | | | | |
| ४ | अदुवा बेसारको प्राथमिक प्रशोधन केन्द्र स्थापना | संख्या | १ | ५ | ५० देखी ८५ प्रतिशत अनुदान | |
| जुनार सुपरजोन र अदुवा बेसार जोन दुबैमा | | | | | | |
| ५ | माटो सुधारका लागि कृषि चुन/जिप्सम/सुक्ष्मतत्व आदि सहयोग कार्यक्रम | पटक | ५ | ४.७३ | ५० प्रतिशत अनुदान | |

निमित्त कार्यालय प्रमुख

"स्वदेशी उत्पादनमा लगानी, आत्मनिर्भर कृषिको थालनी"
"Invest in Domestic Production, Path to Self-Sufficiency"

CS Scanned with CamScanner

## ८.कार्यालय प्रमुखको विवरण

नाम :विनय वावु कोइराला
पद : निमित्त बरिष्ठ कृषि अधिकृत
मोवाईल: ०४७-५९०४८७/९८५४०४१५०९
इमेल :pmamp.piu.sindhuli1@gmail.com

## ९. सुचना अधिकारीको विवरण

नाम :लक्ष्मी पोखेल

पद : ना.प्रा.स.

फोन - ०४७-५९०४८७   मोवाईलः ९८५४०४२५०९

इमेल :pmamp.piu.sindhuli1@gmail.com

## ८.सुचना प्रवाहः

- सूचनाहरु कार्यालयको फेसबुक तथा website मा राख्ने गरिएको।
- कार्यक्रमबारे कार्यलय सूचना बोर्डमा प्रकाशन, स्थानिय तहका कार्यलयहरुमा पत्राचार, पत्रपत्रिका तथा स्थानिय एफ.एम. हरुमा सूचना प्रशारण गर्ने गरिएको।
- हालसम्म एउटा लिखित माध्यमबाट सूचना माग नभएको।
- मौखिक रुपमा माग भएका सूचनाहरु मौखिक रुपमानै तुरुन्त प्रदान गरिएको र लिखितको पनि लिखित रुपमै सुचना दिएको